जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"
# शुभआरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक
वर्ष ५ | अंक ०४२ | २०८२ साल असोज ०८ गते बुधवार | Wednesday-24-September-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## रौतहटमा कृषकलाई सिँचाइ सामग्री वितरण

***रौतहट, ०७ असोज***

माधवनारायण नगरपालिकाले बाढी प्रभावित कृषकलाई कृषि पुनर्स्थापना र सहनशीलता प्रवर्धन परियोजना अन्तर्गत सिँचाइ सामग्री वितरण गरेको छ ।

नगरपालिकाका वडा नं. ८ र ९ का ५० जना कृषकलाई पम्पसेट र डेलिभरी पाइप उपलब्ध गराइएको नगर प्रमुख बैजनाथ प्रसाद यादवले जानकारी दिए। वडा ८ मा ३२ जना र वडा ९ मा १८ जना कृषकले सामग्री पाएका छन्। यसअघि नै ती क्षेत्रमा बोरिङ जडान भइसकेको नगरपालिकाका कृषि अधिकृत विवेक रौनियारले बताए। परियोजनाअन्तर्गत वडा ८ मा १६ र वडा ९ मा ६ वटा कृषक समूह छन् । समूहको निर्णयअनुसार वडा ८ मा प्रत्येक समूहका दुई जना र वडा ९ मा प्रत्येक समूहका तीन जना कृषकलाई पम्पसेट उपलब्ध गराइएको हो । सामग्रीको व्यवस्थापन र हेरचाहका लागि तीन सदस्यीय समिति समेत गठन गरिएको कृषि शाखा अधिकृत अनुजकुमार झाले बताए । सिँचाइ उपकरणले कृषिमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गर्दै वडा ८ का वडाध्यक्ष योगेन्द्रप्रसाद महतोले कृषकको जीवनस्तर उकास्न यसले महत्त्वपूर्ण योगदान गर्ने बताए । उपकरण प्राप्त गर्ने क्रममा राधाकृष्ण कृषक समूहकी सदस्य कोशीला देवीले कृषिमा आधुनिकीकरण गर्दै आत्मनिर्भरता बढाउने नगरपालिकाको प्रयास सराहनीय भएको बताइन् ।




## रौतहटका दश हजारबढी कर्मचारीले दशैंमा तलव पाएनन्

***रौतहट, ०७ असोज***

रौतहटमा करिब दस हजार भन्दा बढी कर्मचारीहरुले दशैंको मुखमा तलव पाउन सकेको छैन ।

जिल्लाको १३ नगरपालिका र एक गाउँपालिका गरि १४ वटा स्थानीयको खाता कोष तथा लेखा नियन्त्रकको कार्यालय रौतहटले सन्चालन नगरेको कारण हजारौं कर्मचारीहरु दशैमा तलव पाउनबाट बञ्चित भएका छन् । चाडपर्वको समयमा १५ दिन अगावै कर्मचारीको तलव र दशैं खर्च दिनुपर्ने प्रावधान भएपनि रौतहटमा केही सुरसार देखिएको छैन। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौको दोस्रो साता देशभरिका स्थानीय तहमा १७२ जना उपसचिवको सरुवा गरेका थिए। सोही क्रममा रौतहटको १४ वटा स्थानीय तहमा सरुवा भएको उपसचिवहरु अहिले सम्म हाजिर हुन नसकेको कारण कोषलेखा रौतहटले निमित्त रहेका प्रमुख बाट खाता सन्चान नगरिने अडान लिएपछि समस्या भएको हो । जिल्लाको दुई गाउँपालिका र १६ नगरपालिकामध्ये एक गाउँपालिका र तीन नगरपालिकामा मन्त्रालयले खटाएको दरवन्दी अनुसारको प्रमुख प्रसासकीय हाजिर भएपछि खाता सन्चालनमा आएका छन् । तर वृन्दावन, गौर, गढिमाई, माधवनारायण, राजदेवी, राजपुर, मौलापुर, बौधीमाई, देवाही गोनाही, इशनाथ, फतुवा विजयपुर, गुजरा, परोहा नगरपालिका र यमुनामाइ गाउँपालिकाका कार्यरत करिब दस हजार बढी कर्मचारीहरुले दशैमा तलब पाउनबाट बन्चित भएको कोषलेखा रौतहटले जनाएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौको दोस्रो साता जिल्लाको हरेक स्थानीय तहमा उपसचिव खटाएको थियो । भदौको अन्तिम समय जेन-जी आन्दोलनका कारण मन्त्रालयले खटाएको उपसचिव दरवन्दीमा हाजिर नहुँदा निमित्तबाट सन्चालनमा रहेको खाता रोका गरि उपसचिवको बाटो कुर्दै गरेको कारण



नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

प.सं. : २०८२/८३
च.नं. : १९५

आन्तरिक तथा प्रशासन शाखा

मिति: २०८२।०६।०५

विषय : आवश्यक सहजीकरण सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
कर्मचारी प्रशासन महाशाखा,
सिंहदरवार, काठमाडौं ।

तहाँ मन्त्रालयको मिति २०८२।०५।१२ को निर्णयानुसार देशभरीका विभिन्न पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतहरू खटाइएकोमा हालसम्म रौतहट जिल्ला अन्तर्गत १६ वटा नगर/गाउँपालिकाहरू मध्ये १४ वटा नगर/गाउँपालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतहरू हाजिर हुन नआएको अवस्था रहेकोले २०८२ साउन महिना देखिको शिक्षक तथा कर्मचारीहरूको तलब, भत्ता, चाडपर्व खर्च लगायतका कार्यालयसँग सम्बन्धित अन्य अत्यावश्यक खर्चहरू भुक्तानी हुन बाँकी रहेको हुँदा साविककै निमित्त प्रमुख प्रशासकीय अधिकृतहरूवाट खाता सञ्चालन गर्न मिल्ने वा नमिल्ने भनी आवश्यक निर्देशनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहटको च.नं. १७७, मिति २०८२।०६।०५ को पत्रबाट लेखि आएकोले यस सम्बन्धमा आवश्यक सहजीकरणका लागि निर्णयानुसार अनुरोध छ ।

संलग्न:
१. कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहटको च.नं. १७७, मिति २०८२।०६।०५ को पत्र ।

टोलेन्द्र कार्की
लेखा अधिकृत

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय, रौतहट।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहट ।

अनामनगर, काठमाडौं
Website: www.fcgo.gov.np, E-mail: ifas@fcgo.gov.np, Phone: 01-4770376

जिल्लाभर यस्तो समस्या देखा परेको देखिन्छ । गढिमाई नगरपालिकाको ४ नम्बर वडामा रहेको माध्यमिक विद्यालय संग्रामपुरमा डढेलधुरा घर भएका प्रावि शिक्षक मीनबहादुर देउवा र उनको श्रीमती शिक्षिकाको रुपमा कार्यरत छन् । असोज ५ गतेदेखि सरकारी विद्यालय बन्द भएर घर जान झोला ठिक पारेर राखेपनि तलब र दशैं खर्च पाउन नसकेको कारण साह्रै विजोग भएको मेयर श्याम यादवले गुनासो गरे। उनीसंगै नगरपालिकाको २० वटा विद्यालयका शिक्षक कर्मचारीले तलब पाउन नसकेको मेयर यादवको भनाइ छ ।

"यहाँबाट तीन दिन घर जान लाग्छ, घर जान भाडा पनि छैन, घरमा दशैं मनाउन दिनभरीमा घरीघरी फोन आइरहेको छ, तलव नपाएमा कसरी जाने शिक्षक देउवाले दुखेसो पोख्छन ।" गढिमाई नगरपालिकाको नगरप्रमुख यादव कलेनिका कार्यालय गौरमा पुगेर पटक पटक खाता फुकुवा गर्न अनुरोध गरेको बताए। कोषका कर्मचारीहरुले जिल्लाबाट खाता रोक्का नभई माथिल्लो निकायबाट नै खाता संचालनमा रोक लगाएको मेयर यादवले बताए। रौतहटका प्रमुख कोष नियन्त्रक देवीप्रसाद गौतमले पर्वको समयमा निमित्तबाट खाता संचालन गर्न खोजिँदा विभिन्न बाधा व्यवधान उत्पन्नको कारण यस्तो समस्या आएको प्रतिक्रिया दिए । आफूलाई सुदूरपश्चिम घर भएका यहाँ कार्यरत कर्मचारीहरु दिनदिनै फोन गरेर तलवको लागि गुनासो आउने गरेको उनले बताए । कोषलेखा रौतहटले उपसचिव हाजिर नहुन्जेल बन्द रहेको खाता अहिले कै निमित्त संग सञ्चालन गर्न र दशैंको समस्या समाधान गर्न महालेखा नियन्त्रण हुदै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरेको बताउदै भोलि बुधबारसम्म समस्या समाधान हुने प्रमुख गौतमले आश्वासन दिए।

## पर्साका ६ र बाराका २ स्थानीय तहले अझै सञ्चालनमा ल्याएनन् खाता

***वीरगञ्ज, ०७ असोज***

आर्थिक वर्ष २०८२/०८३ सुरु भएको दुई महिना बितिसक्दा पनि पर्सा र बाराका केही स्थानीय तहहरूले खाता सञ्चालन गर्न सकेका छैनन्। पर्साका १४ मध्ये ८ पालिकाले मात्र खाता सञ्चालन गरेर बजेट निकासा लिएका छन् भने बाराका १६ मध्ये १४ पालिकाले खाता सञ्चालन गरेका छन् । कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख मनोजकुमार जोशीका अनुसार मङ्गलवारसम्म वीरगञ्ज महानगरपालिका, पोखरिया नगरपालिका, पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, जगरनाथपुर गाउँपालिका, छिपहरमाई गाउँपालिका र कालिकामाई गाउँपालिकाले मात्र खाता सञ्चालन गरी बजेट निकासा लिएका छन् । बाँकी ६ पालिका–बहुदरमाई नगरपालिका, विन्दवासिनी गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, पकहाँ मैनपुर गाउँपालिका, धोबिनी गाउँपालिका र जिराभवानी गाउँपालिकाले खाता सञ्चालनका लागि आवश्यक फाइलसमेत पेस गरेका छैनन् ।




यीमध्ये धोबिनी, पकहाँ मैनपुर र विन्दवासिनीमा गाउँ सभा नै नहुँदा खाता सञ्चालनमा अवरोध भएको छ । अन्य पालिकाहरूमा भने विभिन्न प्रशासनिक कारणले ढिलाइ भएको जोशीले बताए ।

बारा जिल्लामा भने १६ मध्ये १४ पालिकाले खाता सञ्चालन गरी बजेट निकासा लिइसकेका छन्। कोष तथा लेखा नियन्त्रक कार्यालय बाराका सूचना अधिकारी राहुन जयसवालका अनुसार निजगढ नगरपालिका र बारागढी गाउँपालिकाको खाता सञ्चालनमा ढिलाइ भएको छ । दुवै पालिकाका कार्यालयमा जेन-जी आन्दोलनका क्रममा तोडफोड र आगजनी भएकाले प्रक्रिया प्रभावित भएको हो ।

नेपालीहरूको महान् चाड दसैं नजिकिँदै गर्दा खाता सञ्चालनमा नआएका पालिकाहरूमा कर्मचारीलाई तलब वितरणमा समस्या हुने देखिएको छ। खाता सञ्चालनमा ढिलाइले विकास निर्माणका कामहरू पनि प्रभावित हुने जोखिम छ । स्थानीय तहहरूले यथाशीघ्र प्रक्रिया पूरा गरी खाता सञ्चालन गर्नुपर्ने आवश्यकता सरोकारवालाहरूले औँल्याएका छन्।

## जेन-जी आन्दोलनमा तोडफोड गरिएको वीरगञ्जको घण्टाघरस्थित प्रहरी बिट पुनर्निर्माण गर्न सामग्री सहयोग

***वीरगञ्ज, ०७ असोज***

गत भदौ २३ र २४ गते देशभरि चलेको जेन-जी आन्दोलनका क्रममा वीरगञ्जको घण्टाघरस्थित प्रहरी बिटमा भएको तोडफोड र आगजनीबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा जेन-जी युवाहरूले सक्रियता देखाएका छन्।

'आफ्नै देश आफै बनाऔँ' भन्ने नारासहित वीरगञ्जस्थित नेशनल इन्फोटेक कलेज, गौतम स्कुल, नेपाल फर्मास्युटीकल लिमिटेड र एलाइड यूथ क्लबका युवाहरूले प्रहरी बिटको पुनर्निर्माणमा सहयोग गरेका हुन्।

आन्दोलनका क्रममा प्रहरी बिटमा आगजनी हुँदा भवन पूर्ण रूपले ध्वस्त भएको थियो । भवन अभावमा त्यहाँ कार्यरत प्रहरी कर्मचारीहरूलाई काम गर्न कठिनाइ भएको थियो। दसैं, तिहार र छठजस्ता महत्त्वपूर्ण पर्वहरू नजिकिँदै गर्दा प्रहरीको संवेदनशील भूमिका रहने समयमा बिटको अवस्थाले जनसेवामा असर परिरहेको थियो । सोही समस्यालाई सम्बोधन गर्न युवाहरूले पुनर्निर्माणको पहल गरेका हुन् ।

एलाइड यूथ सोसाइटीका संस्थापक ओमकुमार झाको नेतृत्वमा भएको पहलमा युवाहरूले प्रहरी बिटमा



आवश्यक सामग्रीहरू उपलब्ध गराएका छन् । टेबल, कुर्सी, दराज, पङ्खा, पानीको ट्याङ्की, विद्युतीय सामग्री, तोडफोड भएका झ्याल र ढोकाहरू सहयोग स्वरूप प्रदान गरिएको छ । साथै, क्षतिग्रस्त बिटको रंगरोगन गरी यसलाई पहिलेकै अवस्थामा फर्काइएको छ ।

नेशनल इन्फोटेक कलेजका प्रतिनिधि तथा युवा नेता सुधीर पटेलले आन्दोलनका क्रममा केही उच्छृङ्खल व्यक्तिहरूले तोडफोड र आगजनी गरे पनि हामी जेन-जी युवाहरूले आफ्नो गल्ती सच्याउन र समाजप्रति जिम्मेवार बन्न बिट पुनर्निर्माणमा सहयोग गरेको बताए। "हाम्रो प्रयासले प्रहरीको मनोबल बढाउनुका साथै समुदायमा सकारात्मक सन्देश प्रवाह हुने मैले विश्वास लिएको छु," उनले भने । एलाइड यूथ सोसाइटीका संस्थापक ओमकुमार झाले पुनर्निर्माणको पहल सामुदायिक एकताको भावनालाई बलियो बनाउन र प्रहरीलाई सहयोग गर्न गरिएको बताए । "प्रहरी र जनताबिचको सम्बन्ध सुधार गर्न यस्ता कार्यले महत्त्वपूर्ण भूमिका खेल्छ । हामी भविष्यमा पनि यस्ता रचनात्मक सहयोगलाई निरन्तरता दिनेछौँ," उनले भने । पहलले प्रहरी कर्मचारीहरूको मनोबलमा उल्लेखनीय वृद्धि भएको छ । प्रहरी बिटको पुनर्निर्माणले कार्यस्थलको वातावरण सुधार भएको र जनसेवामा सहजता आएको स्थानीय प्रहरीले बताएका छन् । सहभागी संस्थाहरूले आगामी दिनमा पनि यस्ता सामाजिक कार्यमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# असफल नहोस् सरकार

जेन-जी आन्दोलनले नेपालको राजनीतिक परिदृश्यमा ऐतिहासिक मोड ल्याएको छ । लामो समयदेखि स्थायी जस्तै बनेको पुराना नेताहरुको पुनरावृत्ति र सत्ताको घुम्तीमा उस्तै अनुहार फेरिने परम्परालाई यस आन्दोलनले तोडिदिएको छ ।

आन्दोलनको मुख्य मुद्दा भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति र जनताको जीवनस्तरमा देखिने सुधार हो । यही कारणले जनताले पुरानाको विकल्प खोज्दै जेन-जीलाई समर्थन जनाएका थिए । आन्दोलनको परिणामस्वरुप बनेको सरकारले नयाँ अनुहार र फरक क्षेत्रमा नाम स्थापित गरेका व्यक्तिहरुलाई मन्त्रीको जिम्मेवारी दिएको छ । प्रधानन्यायाधीशदेखि वैज्ञानिकसम्मको समावेशले पनि यो सरकारलाई वैचारिक विविधता र व्यावसायिक कौशलको सन्देश दिएको छ । तर यति मात्रले सफलता सुनिश्चित हुँदैन, यो त यात्रा सुरु भएको संकेत मात्र हो ।

भ्रष्टाचार उन्मूलन गर्ने र देशलाई सुशासनको बाटोमा अघि बढाउने जिम्मेवारीका लागि कठोर संघर्षमा साथ दिएका हुन् । यो मूल मर्मलाई नयाँ मन्त्रीहरुले कहिल्यै बिर्सनु हुँदैन । अबका मन्त्रीहरुलाई केवल झण्डा हल्लाउने वा जनतालाई भाषण गर्ने छुट छैन । उनीहरु आफैंले विगतमा उठाएका प्रश्नहरुको जवाफ अब काममार्फत दिनुपर्नेछ । आन्दोलनको क्रममा सरकारले जनताको माग पूरा गर्न असमर्थ हुँदा कठोर आलोचना गर्नेहरु आज सत्ता सञ्चालनको कुर्सीमा छन् । विशेषगरी, महावीर पुनजस्ता व्यक्तिहरुले निरन्तर 'सरकारमा बस्नेको बुद्धि छैन' भनेर आलोचना गर्दै आएका थिए ।

आज उनीहरुकै काँधमा देशको भविष्य लेख्ने जिम्मेवारी आएको छ । त्यसैले यो सरकारले विगतका सरकारजस्तै बहाना खोज्दै समय खेर फाल्ने अधिकार राख्दैन । अबको चुनौती नीति निर्माण मात्र होइन, त्यसको कार्यान्वयनमा छ । भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कानुन ल्याउनु, प्रशासनिक सुधारमार्फत सेवा वितरण छिटो र पारदर्शी बनाउनु, आर्थिक अवसर सिर्जना गर्नु, शिक्षादेखि स्वास्थ्यसम्मको सेवामा पहुँच सुनिश्चित गर्नुजस्ता कार्यमा सरकार सफल हुन जरूरी छ ।

जनताले तत्कालै उपलब्धि चाहन्छन्, तर यस्ता सुधारलाई दिगो बनाउन दीर्घकालीन योजनासमेत आवश्यक छ । अर्को महत्वपूर्ण जिम्मेवारी आगामी फागुनमा हुने निर्वाचन हो । यो निर्वाचनले सरकारको लोकप्रियता र जनताको विश्वासको पहिलो ठूलो परीक्षा लिनेछ । सरकारले यो निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी बनाउन सकेमात्र आफ्नो सुशासनको दाबी प्रमाणित गर्न सक्नेछ । निर्वाचनलाई निष्पक्ष बनाउनु सरकारको अवसरमात्र होइन, ठूलो चुनौती पनि हो । यसमा असफल भए जनताले दिएको विश्वास तुरून्तै हराउन सक्छ । जेन-जी आन्दोलनपछिको सरकारले पाएको जनादेश अवसर हो, तर यसलाई सिद्ध गर्न असफल भए यो अवसर जनताको क्रोधमा बदलिन सक्छ । भ्रष्टाचारमुक्त, पारदर्शी र जनमुखी शासनको प्रतिज्ञामा जनताले अब कुनै सम्झौता गर्नेवाला छैनन् । त्यसैले जेन-जी सरकारलाई अनुत्तीर्ण हुने छुट छैन । जनताको आशा र इतिहासको परीक्षणमा यो सरकार सफल हुनु अपरिहार्य छ ।

# डिजिटल युगमा जेन-जी



अनन्तप्रसाद घिमिरे

नेपालमा जेन-जी पुस्ता केवल भविष्यको आशा मात्र होइन, वर्तमानको सक्रिय शक्ति पनि हो। उनीहरूले उठाएका आवाज, राखेका अपेक्षा र देखाएका क्षमता नेपालको नयाँ पहिचान निर्माणको आधार बन्न सक्छ ।

नेपाल अहिले परिवर्तनको यात्रामा छ, जहाँ परम्परा र आधुनिकताबीच निरन्तर संवाद भइरहेको छ। यही संवादको बीचमा जन्मिएको जेन-जी पुस्ता अघिल्ला पुस्ताभन्दा भिन्न सोच, दृष्टिकोण र जीवनशैली लिएर अघि बढिरहेको छ। सन् १९९७ देखि २०१२ सम्म जन्मिएका यी युवा जन्मदेखि नै डिजिटल युगसँग नजिक भएकाले उनीहरूको जीवन प्रविधि, सूचना र विश्वव्यापी पहुँचसँग गाँसिएको छ। यो पुस्ता नेपाली समाजको स्वरूप बदल्ने क्षमतासहित अघि बढिरहेको छ। उनीहरूको अपेक्षा बुझ्नु समाज र राष्ट्रको भविष्य बुझ्नुसरह हो ।

शिक्षाको विषयमा हेर्ने हो भने उनीहरूलाई केवल कक्षाकोठाभित्र सीमित हुने परम्परागत शैलीले सन्तुष्टि दिन सक्दैन । उनीहरूलाई ज्ञान भनेको परीक्षामा मात्र प्रयोग गर्ने साधन होइन, जीवनलाई दिशा दिने ऊर्जा लाग्छ। व्यावहारिक सीप, नयाँ प्रविधिको प्रयोग र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षा उनीहरूको चाहना हो। विद्यालय वा विश्वविद्यालयमा उपलब्ध अध्ययनसँगै युट्युब ट्युटोरियल, अनलाइन कोर्स र स्किल डिभेलपमेन्ट कार्यक्रमप्रति उनीहरूको आकर्षण तीव्र छ। विदेशी विश्वविद्यालयतर्फ आकर्षण अझै बलियो भए पनि अहिले धेरैले नेपालमै बसेर अन्तर्राष्ट्रिय अवसरसँग जोडिन सकिन्छ भन्ने विश्वास बनाउन थालेका छन्। करियरमा उनीहरू सुरक्षित सरकारी जागिरभन्दा बढी उद्यमशीलता, स्टार्टअप, फ्रिल्यान्सिङ र रिमोट वर्कतर्फ मोडिएका छन्। यसरी काम गर्ने वातावरणले उनीहरूलाई स्वतन्त्रतामात्र होइन, सिर्जनशीलतालाई पनि स्थान दिन्छ।

प्रविधिसँगको उनीहरूको सम्बन्ध निकै गहिरो छ।

स्मार्टफोन, सामाजिक सञ्जाल, ई-कमर्स, डिजिटल वालेट वा नयाँ डिजिटल प्लेटफर्म उनीहरूको दिनचर्याभित्र गहिरो जरा गाडिसकेका छन्। सामाजिक सञ्जाल उनीहरूका लागि मनोरञ्जन मात्र नभई विचार प्रकट गर्ने, अभियान चलाउने र आयआर्जन गर्ने माध्यम पनि बनेको छ। टिकटक, युट्युब, इन्स्टाग्राम वा फेसबुकमार्फत उनीहरूले आफ्नो प्रतिभा प्रस्तुत गर्ने अवसर पाएका छन्। यसले उनीहरूको सोचलाई खुला बनाएको छ, जसका कारण स्थानीय समस्यालाई पनि अन्तर्राष्ट्रिय दृष्टिकोणबाट हेर्ने प्रवृत्ति विकास भएको छ। उदाहरणका लागि, वातावरणीय समस्या वा लैंगिक समानताको मुद्दामा उनीहरूले विश्वका अन्य युवाहरूसँग तालमेल मिलाएर आवाज उठाइरहेका छन्। संस्कृति र परम्पराप्रतिको उनीहरूको दृष्टिकोण लचकदार छ। उनीहरू दसैं, तिहार वा अन्य पर्वमा सहभागी हुन्छन्, तर त्यो केवल धार्मिक कर्तव्यका रूपमा होइन, सांस्कृतिक पहिचान र अनुभवका रूपमा लिन्छन्। उनीहरू परम्परालाई सम्मान गर्छन् तर अन्धानुकरण गर्दैनन्। प्रश्न गर्ने, सुधार्ने र जीवनशैलीअनुसार परिमार्जन गर्ने उनीहरूको विशेषता हो। राजनीतिप्रति उनीहरूको दृष्टिकोण अघिल्ला पुस्ताभन्दा स्पष्ट रूपमा फरक छ। दलगत निष्ठाभन्दा बढी उनीहरू मुद्दा-केन्द्रित सोच राख्छन्। शिक्षा सुधार, रोजगारीको अवसर, वातावरण संरक्षण, प्रविधिको प्रयोग र पारदर्शिता उनीहरूको प्राथमिकता हुन्। प्रत्यक्ष राजनीतिक सहभागिता कम देखिए पनि उनीहरूले सामाजिक सञ्जालमार्फत आवाज उठाउने, छलफल गर्ने र आवश्यक पर्दा आन्दोलनमा जोडिने क्षमता देखाएका छन्। हालैका वर्षहरूमा युवाहरूले गरेका अनलाइन अभियानहरूले समाजलाई छुन सफल भएका उदाहरण थुप्रै छन्। यसले नेपालमा नयाँ प्रकारको नागरिक सचेतना जन्माएको छ।

मानसिक स्वास्थ्यलाई पनि जेन-जी पुस्ताले विशेष महत्व दिएका छन्। तनाव, डिप्रेसन वा आत्महत्या दर जस्ता चुनौती बढिरहेका छन्, तर यी युवा यसबारे खुलेर बोल्छन्, सहयोग खोज्छन् र समाधानको उपाय अपनाउन डराउँदैनन्। विद्यालय र विश्वविद्यालयका क्याम्पसहरूमा मानसिक स्वास्थ्यसम्बन्धी छलफल हुने, अनलाइन प्लेटफर्ममार्फत परामर्श उपलब्ध हुने र साथीभाइबीच यसबारे खुलेर कुरा हुने प्रवृत्ति विस्तारै बढ्दो छ। युवाका अपेक्षा स्पष्ट छन्। उनीहरूले गुणस्तरीय शिक्षा, नयाँ अवसरले भरिएको रोजगार वातावरण, पारदर्शी र जवाफदेही नेतृत्व, समानताको समाज र प्रविधिमैत्री नीति चाहन्छन्। मानसिक स्वास्थ्यलाई सामाजिक र नीतिगत प्राथमिकता दिनुपर्ने उनीहरूको आवाज बलियो छ। उनीहरू वातावरण संरक्षणलाई भविष्यको सुनिश्चितताको आधार ठान्छन्। यसैले उनीहरू प्लास्टिकको प्रयोग कम गर्ने, नवीकरणीय ऊर्जा अपनाउने वा वृक्षरोपणजस्ता अभियानमा सक्रिय देखिन्छन्।

तर यी अपेक्षाबीच चुनौती पनि कम छैनन्। गुणस्तरीय शिक्षा र सीप-आधारित कार्यक्रम अझै अभावमा छन्। रोजगार अवसरको कमीले युवालाई बिदेसिन बाध्य बनाइरहेछ। राजनीतिक अस्थिरता र अविश्वासले उनीहरूको भविष्य सुरक्षित बनाउने आशा क्षीण पारेको छ। प्रविधिको पहुँच अझै ग्रामीण क्षेत्रमा सीमित छ भने मानसिक स्वास्थ्यबारे समाजमा पूर्वाग्रह बलियो छ। यी सबैले जेन-जी पुस्ताको क्षमता पूर्णरूपमा प्रयोग हुन दिइरहेका छैनन्। यद्यपि यी चुनौतीबीच पनि जेन-जी पुस्ता नेपालका लागि आशाको नयाँ किरण बनेका छन्। उनीहरूलाई उचित अवसर, वातावरण र प्रोत्साहन प्रदान गर्न सकियो भने आगामी दशकमा नेपाललाई आर्थिक, सामाजिक र सांस्कृतिक विकासको नयाँ दिशातर्फ डोहोऱ्याउन सक्ने शक्ति उनीहरूसँग छ। यो पुस्ता उपभोक्ताभन्दा बढी सिर्जनाकर्ता हो, जसको ऊर्जा र कल्पनाशीलताले नेपालको रूपान्तरणमा निर्णायक भूमिका खेल्नेछ। नेपाललाई आधुनिक, समानतामूलक र समृद्ध समाज बनाउने मार्गमा यो पुस्ताको योगदान अपरिहार्य हुनेछ।

अन्ततः भन्न सकिन्छ, नेपालमा जेन-जी पुस्ता केवल भविष्यको आशामात्र होइन, वर्तमानको सक्रिय शक्ति पनि हो। उनीहरूले उठाएका आवाज, राखेका अपेक्षा र देखाएका क्षमता नेपालको नयाँ पहिचान निर्माणको आधार बन्न सक्छ। उनीहरूको सोचलाई मान्यता दिएर, अवसरहरू प्रदान गरेर र चुनौतीहरूको समाधानमा साथ दिएर नेपालले आफ्नो भविष्य उज्ज्वल बनाउन सक्छ। यही नै समयको माग हो र यहीबाट नेपालको नयाँ अध्याय सुरु हुनेछ।





## जनहितमा जारी सन्देश

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

बारागढी गाउँपालिका
खोपवा, बारा

॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो। राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ। - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# संयुक्त राष्ट्र प्रतिवेदन : रूसी र युक्रेनी दुवै पक्षले नागरिक बन्दीमाथि यातना र दुर्व्यवहार गरेको निष्कर्ष!

संयुक्त राष्ट्रसङ्घको मानवअधिकार कार्यालयले ताजा प्रतिवेदनमार्फत रुसी सुरक्षाकर्मीहरूले युक्रेनी नागरिक बन्दीलाई 'व्यापक र व्यवस्थित' ढङ्गले यातना दिएको विवरण सार्वजनिक गरेको छ । सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेयता अन्तर्राष्ट्रिय कानुनको 'गम्भीर उल्लङ्घनको लगातार ढाँचा' दोहोरिँदै आएको प्रतिवेदनले निष्कर्ष निकालेको छ ।

सन् २०२३ जुनयता कब्जा गरिएका क्षेत्रबाट रिहा भएका २१६ युक्रेनी नागरिकसँग गरिएको अन्तर्वार्तामा करिब ९२ प्रतिशतले कैद अवधिभर शारीरिक वा मानसिक यातना भोगेको बताएका छन् । तिनीहरूले लाठी प्रहार, विद्युत् झटका, नक्कली मृत्युदण्ड, मृत्युको धम्की, अपमानजनक व्यवहार र असहज परिस्थितिमा राखिएको जस्ता विधि अनुभव गरेको प्रतिवेदनमा उल्लेख छ ।

संयुक्त राष्ट्र मानव अधिकार प्रमुख भोल्कर टर्कका अनुसार, मानिसलाई कब्जा गरिएका क्षेत्रमा सडकबाटै जबर्जस्ती उठाइन्थ्यो, कानुनी आधारविनै स्थानान्तरण गरेर आरोप लगाइन्थ्यो र लामो समयसम्म कैदमा राखिन्थ्यो । उनले शान्ति वार्तामा मानव अधिकारलाई प्राथमिकतामा राख्न सबैलाई आह्वान गरेका छन् । प्रतिवेदनले कानुनी सुरक्षा र जवाफदेहिताको कमीका कारण बन्दीहरू पूर्ण संरक्षणबाहिर रहेको चेतावनी दिएको छ ।

युक्रेनी अधिकारीहरूले पनि आफ्नै नियन्त्रणमा रहेका हिरासतस्थलमा यातना र दुर्व्यवहारका केही घटना दर्ता भएको स्वीकार गरेका छन् । २०२५ मेमा युक्रेनी सरकारका अनुसार करिब १,८०० नागरिक अझै पनि रुसी हिरासतमा छन्, तर वास्तविक सङ्ख्या अझ बढी हुनसक्ने अनुमान गरिएको छ । त्यस्तै, युक्रेनले पनि जुलाईको अन्त्यसम्म आफ्ना पूर्व-परीक्षण र दण्ड सुविधामा २,२५० भन्दा बढी द्वन्द्व-सम्बन्धित कैदी राखेको जनाएको छ, जसमा अधिकांश युक्रेनी नागरिक थिए ।

युक्रेनले ती नागरिकलाई राजद्रोह, जासुसी वा रुसी कब्जा अधिकारीसँग सहकार्य गरेको अभियोगमा हिरासतमा लिएको बताइएको छ । प्रतिवेदनअनुसार, कब्जा अवधिमा आपत्कालीन सेवा, निर्माण, मानवीय राहत वा फोहोर व्यवस्थापनजस्ता सामान्य काममा संलग्न भएकामाथि समेत मुद्दा लगाइएको छ ।

युद्धकै बीचमा उजागर भएका यी तथ्यहरूले नागरिकको सुरक्षामाथि युद्धले पारेको गहिरो चोट मात्र होइन, आगामी राजनीतिक संवादलाई अझै जटिल बनाउने संकेत पनि गरेका छन् ।

# एलडिपीको नेतृत्व प्रतिस्पर्धा सुरू: जापानको राजनीतिमा ऐतिहासिक मोड आउने सम्भावना!

जापानको सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)ले निवर्तमान प्रधानमन्त्री सिगेरु इसिबाको उत्तराधिकारी छान्न सोमबारदेखि औपचारिक अभियान सुरु गरेको छ । अक्टोबर ४ मा हुने मतदानमा करिब १० लाख भुक्तानी सदस्य र दुई सय ९५ सांसद सहभागी हुनेछन् । सर्वसाधारण मतदाताका लागि प्रक्रिया खुला छैन ।

पहिलो चरणमा कसैले स्पष्ट बहुमत नपाएमा शीर्ष दुई उम्मेदवारबीच रनअफ हुनेछ ।

पार्टीले 'परिवर्तन, एलडिपी' भन्ने नारासहित सुरु गरेको यो नेतृत्व प्रतिस्पर्धालाई राजनीतिक स्थिरता कायम गर्ने र बढ्दो महँगीबीच पुनः जनसमर्थन जुटाउने प्रयासका रूपमा हेरिएको छ । गत वर्ष एलडिपी र गठबन्धन साझेदार कोमेइटोले ठूलो घाटा बेहोरेपछि नयाँ नेतृत्वमाथि जनताको विश्वास फिर्ता ल्याउने चुनौती रहेको छ ।

पाँच उम्मेदवारमध्ये कृषिमन्त्री शिन्जिरो कोइजुमी र पूर्व आर्थिक सुरक्षामन्त्री साना ताकाइचीलाई प्रमुख दावेदार मानिएको छ । ४४ वर्षीय कोइजुमी लोकप्रिय पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीका छोरा हुन् । उहाँले चामल भण्डार जारी गरेर मूल्य नियन्त्रणको पहल गरेका थिए । पुनः प्रतिस्पर्धामा उत्रिएका कोइजुमी विजयी भए १८८५ पछि जापानका सबैभन्दा कान्छा प्रधानमन्त्री बन्नेछन् ।

६४ वर्षीया ताकाइची पूर्वप्रधानमन्त्री शिन्जो आबेकी नजिककी सहयोगी हुन् । उनले बलियो सेना, सार्वजनिक लगानी र परम्परागत मूल्यलाई प्राथमिकतामा राखेकी छिन् । विवाहित दम्पतीलाई अलग थर राख्न दिने कानुनी संशोधनको समर्थन गर्ने ताकाइची विजयी भए जापानकी पहिलो महिला प्रधानमन्त्री बन्नेछिन् । तर युद्धकालीन इतिहासप्रति उनको दृष्टिकोणले चीन र दक्षिण कोरियासँग सम्बन्ध जटिल बनाउन सक्ने विश्लेषकहरूको चेतावनी छ ।

अन्य प्रतिस्पर्धीमा इसिबा सरकारका मुख्य क्याबिनेट मन्त्री योशिमासा हयासी, पूर्व विदेश तथा व्यापार मन्त्री तोशिमित्सु मोतेगी र पूर्व आर्थिक सुरक्षामन्त्री ताकायुकी कोबायाशी छन् । हयासीले स्थिर ज्याला र रक्षा सुदृढीकरणको वाचा गरेका छन् भने मोतेगी अमेरिकासँगको गठबन्धनलाई अझ गहिरो बनाउन पक्षधर छन् । कोबायाशीले विदेशी कामदारमा कडा प्रतिबन्ध र रक्षा खर्च दुई प्रतिशतभन्दा कम नहुने घोषणा गरेका छन् ।

विश्लेषकहरूले नयाँ प्रधानमन्त्रीले विपक्षी दलसँग सहकार्य नगरे अविश्वास प्रस्ताव र छोटो अवधिको सरकार बन्ने जोखिम रहेको चेतावनी दिएका छन् । जापान इनोभेसन पार्टी (इशिन) र डेमोक्रेटिक पार्टी फर द पिपुलसँग सम्भावित सहकार्यका संकेत उम्मेदवारहरूले दिइरहेका छन् । यस्तो अवस्थामा नेतृत्व परिवर्तन केवल पार्टीको भविष्य नभई जापानी राजनीति र विदेश नीति दुवैको दिशानिर्देशन तय गर्ने निर्णायक मोड बन्ने देखिन्छ ।


देवताल गाउँपालिका
पिप्राढीगोढ, बारा

जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय शाशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रशासकीय अधिकृत

विश्रामपुर गाउँपालिका
विश्रामपुर, बारा



जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय शाशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रशासकीय अधिकृत









व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# नेशनल मेडिकल कलेजमा विद्यार्थी-शिक्षकको सहभागितामा च्यारिटेबल फेस्ट भव्यतापूर्वक सम्पन्न

***पवन प्रसाद साह***
***वीरगञ्ज, ०७ असोज***

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा "**Charitable Cultural Fest & Award Affiliation Ceremony**" भव्यतापूर्वक सम्पन्न भएको छ ।




कार्यक्रमको उद्देश्य चिकित्सा शिक्षा मात्र नभई समाजसेवा, सिर्जनात्मकता र नेतृत्वतालाई प्रोत्साहन गर्ने रहेको आयोजकले जानकारी दिएका छन् ।
कार्यक्रममा मुख्य अतिथिका रूपमा प्रा.डा. जैनुदिन अन्सारी - अध्यक्ष, नेशनल मेडिकल कलेज र विशिष्ट अतिथिका रूपमा शहनवाज अन्सारी - प्रबन्ध निर्देशक, नेशनल मेडिकल कलेजको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमको अध्यक्षता प्रा.डा. के. एन. सिंह - प्रिन्सिपल, नेशनल मेडिकल कलेजले गर्नुभएको थियो । त्यसैगरी शैक्षिक निर्देशक - डा. रुबी श्रेष्ठ यास्मिन, अस्पताल निर्देशक - डा. इशरत जहाँ अन्सारी, एडमिसन तथा मार्केटिंग निर्देशक - आबिद हुसेन अन्सारी, नेशनल मेडिकल कलेज च्यारिटेबल सोसाइटीका अध्यक्ष डा. रबीशंकर गुप्ता (उप-प्रिन्सिपल), नर्सिङ निर्देशक, उप-प्रिन्सिपल नर्सिङ, विभिन्न संकायका प्राध्यापक, विद्यार्थी र प्रशासनिक अधिकृतहरूको उल्लेखनीय उपस्थितिले कार्यक्रममा गरिमा थपेको थियो ।
कार्यक्रममा स्वागत नृत्य, भाषण, विद्यार्थीहरूको सिर्जनात्मक प्रस्तुति, च्यारिटेबल सोसाइटी तथा नेपाल हेल्थ कोर्प्सको वार्षिक प्रतिवेदन प्रस्तुति, पुरस्कार वितरण तथा चेक हस्तान्तरण जस्ता आकर्षक गतिविधिहरू सम्पन्न भए ।
कार्यक्रमले उत्कृष्टता पहिचान, नेतृत्व विकास, सिनियर-जुनियर बीचको सम्बन्ध मजबुत बनाउने, सामाजिक उत्तरदायित्वप्रति जागरुकता बढाउने र विद्यार्थीलाई आत्मविश्वासी बनाउने अपेक्षा गरिएको आयोजक समितिको भनाइ छ । नेशनल मेडिकल कलेज चैरेटेबल सोसाइटीले विगतदेखि नै निःशुल्क स्वास्थ्य परीक्षण शिविर, बृक्षारोपण, रक्तदान, कपडा वितरण, जनचेतना कार्यक्रम, खेलकुद र सांस्कृतिक गतिविधि, तथा विभिन्न सामाजिक सेवामूलक कार्य गर्दै आएको छ । नेशनल मेडिकल कलेजले यस्ता कार्यक्रममार्फत "**Beyond Medicine, Towards Humanity**" को सन्देशलाई निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

# कृष्णनगरमा इलाका प्रहरी कार्यालयद्वारा नागरिक सहायता कक्ष स्थापना

***अजय मिश्र***
***कृष्णनगर, ०७ असोज***

कपिलवस्तु जिल्लाको कृष्णनगर बजारको बसपार्कमा इलाका प्रहरी कार्यालय कृष्णनगरले नागरिक सहायता कक्ष स्थापना गरेको छ । नेपाल-भारतको प्रमुख भन्सार नाका कृष्णनगर हुँदै लाखौं नागरिकको आवतजावत हुने भएकाले विशेष गरी दशै, तिहार, र छठका अवसरमा घर फर्कने नेपालीहरूको सहायता र सहजता सुनिश्चित गर्न यो कक्ष खोलिएको हो ।




इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक ईश्वर लौडारीले नागरिक सहायता कक्षको उद्देश्य नेपाल भित्रिने नागरिकहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनु रहेको बताए । यस कक्षले चाडपर्व मनाउन घर फर्किरहेका नेपालीलाई सुरक्षित र सहज यात्राको वातावरण प्रदान गर्नेछ ।
साथै, इलाका प्रहरी कार्यालय कृष्णनगरले चाडपर्व लक्षित सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन चार जना प्रहरीलाई बाइकसहित परिचालन गरेको जानकारी दिएको छ । यी प्रहरीहरू चाडपर्वका बेला सुरक्षा सुनिश्चित गर्न निरन्तर सक्रिय रहनेछन् ।
यो नागरिक सहायता कक्षले कृष्णनगर भन्सारबाट नेपाल प्रवेश गर्ने नागरिकहरूको सहायता तथा चाडपर्वको बेला सुरक्षा सुनिश्चित गर्ने उद्देश्यसाथ
अघि बढाएको छ ।

# जेनजी आन्दोलनमा अनिल रूंगटाको घरमा गरिएको आगजनीमा जलेकी महिलाको मृत्यु

***वीरगन्ज, ०७ असोज***

जेनजी आन्दोलनका क्रममा गत भदौं २४ गते नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुंगटाको घरमा अराजक समुहले गरेको आगजनीमा जलेर गम्भीर घाइते भएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।



रुंगटाको घरमा घरेलु कामदारका रुपमा कार्यरत पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ की ४५ वर्षीया सोशीलादेवी हजाराको उपचारका क्रममा सोमबार मृत्यु भएको हो ।
काठमाडौंको कीर्तिपुर बर्न अस्पतालमा उपचारका क्रममा सोमबार बिहान १०: २२ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।
वीरगन्ज महानगरपालिका वडा नम्बर १३ मा रहेको रुंगटाको निवास परिसरमा रहेका ४ वटा भिल्ला ( भवन) परिसरमा रहेका ४ वटा घरमा गत भदौं २४ गते जेनजी आन्दोलनका क्रममा अराजक समुहले तोडफोड र लुटपाट गर्दै आगजनी गरेका थिए । त्यसबेला घरको तेश्रो तल्लाको छतमा रहेका हजरा र अर्का एक युवकलाई जलेर गम्भीर भएको अवस्थामा महानगरपालिकाको वारुण यन्त्रको भर्याङको मदतबाट बाहिरबाट तल झारेर उद्दार गरिएको थियो ।
शरिरको ५० प्रतशत बढी भाग जलेर गम्भीर घाइते हजरालाई तत्कालै वीरगन्जस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा लगेर भर्ना गरिएको थियो । तर त्यहाँ उनको स्वास्थ्य अवस्थामा सुधार नभएपछि उनलाई थप उपचारका लागि काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पतालमा पठाइएको थियो । त्यही उपचारका क्रममा सोमबार हजराको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए ।
रुंगटाको घरमा गरिएको आगजनीबाट हजरासंगै जलेर गम्भीर घाइते भएका भारतको बिहार राज्यको सुगौली घर भएका १८ वर्षीय विनय यादवको कीर्तिपुर बर्न अस्पतालमै उपचार चलिरहको छ । शरिरको ९० प्रतिशत भाग जलेर घाइते भएका उनको भने अहलि स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको प्रहरी नायब उपरीक्षक लम्सालले बताए ।

# काण्डै-काण्डको पर्सागढी : हाकिमसँग हात हालाहालदेखि घुस अडियोसम्म

***बीरगन्ज, ०७ असोज***

पर्साको पर्सागढी नगरपालिका फेरि एकपटक काण्डकै कारण चर्चामा आएको छ । आइतबार (५ असोज) नगर प्रमुख प्रशासकीय अधिकृत ( प्रप्रअ) राजु साह र वडा नं. ६ का वडाध्यक्ष नवलकिशोर कलवारबीच कार्यकक्षमै हात हालाहाल भएको थियो । विवाद थामिन नपाउँदै, भोलिपल्टै ( ६ असोज) वडाध्यक्ष कलवारकै ५० हजार रुपैयाँ घुस मागेको अडियो सार्वजनिक भएपछि पर्सागढी नगरप्रशासन नै प्रश्नचिह्नमा परेको छ । वडाध्यक्ष कलवारले प्रप्रअ साहमाथि वडा कार्यालयको योजना कार्यान्वयनमा कमिसनको लोभमा हस्तक्षेप गरेको आरोप लगाएका थिए । उनले कार्यादेश दिन नमानेपछि कार्यकक्षमै गएर जवाफ माग्दा "चुप लागेर बस" भन्ने अपशब्द प्रयोग भएको र त्यसपछि हात हालाहालको अवस्था सिर्जना भएको कलवारको भनाइ छ। प्रप्रअ साहले भने वडाध्यक्षले पदीय मर्यादा नाघेर व्यवहार गरेपछि आत्मरक्षामा हातपात भएको स्पष्ट पारेका छन् । घटनापछि नगरपालिकाका कर्मचारीहरू आक्रोशित बनेका छन् । उनीहरूले वडाध्यक्षले औपचारिक रूपमा गल्ती स्वीकार नगरेसम्म वडा नं. ६ सम्बन्धी कुनै काम नगर्ने अडानसहित नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् । यस विषयमा नगरप्रमुख गोकर्ण पाठकले दुवै पक्षको कुरा सुनेर सहमति खोज्ने बताउँदै विवादलाई सहजरूपमा टुंग्याउने दाबी गरेका छन् ।




तर विवाद साम्य पार्ने समयै नपाउँदै वडाध्यक्ष कलवारकै ५० हजार रुपैयाँ घुस मागेको अडियो सार्वजनिक भयो । सेवाग्राहीसँग खुलेआम रकम माग्दै गरेको आवाज बाहिर आएपछि जनतामा आक्रोश फैलिएको छ । प्रहरीमाथि हातपात, प्रप्रअसँग हात हालाहाल र अब घुस अडियोसम्म–लगातार विवादमा तानिएका वडाध्यक्ष कलवारलाई लिएर स्थानीयहरूबीच आक्रोश चुलिएको छ । प्राविधिक विद्यालयको करोडौं भ्रष्टाचार
श्री जनता प्राविधिक विद्यालय, पर्सागढी-३ बडनियारमा १ करोड ५० लाख अनुदानमध्ये १ करोड १९ लाख खर्च देखाउन नसकिएको थियो । ल्याब सामग्री कमिसनमा खरिद, टर्नेल हाउस सुरु हुनुअघि नै जिर्ण, शिक्षकविहीन प्राविधिक कार्यक्रम सञ्चालन–यी सबै अनियमितताले विद्यालय नै भ्रष्टाचारको अखडा बनेको प्रमाणित गर्‍यो ।

***शिक्षक नियुक्तिमा भाई-भतिजावाद***

श्री जनता मावि पकडीया बढनिहारमा कार्यकाल सकिएको विद्यालय व्यवस्थापन समितिबाटै शिक्षक नियुक्ति गरिएको थियो । आवश्यक नभएका विषयमा शिक्षक भर्ती, योग्य उम्मेदवार बेवास्ता र पहुँचवालाका मान्छे रोजिएको आरोप लाग्यो । वडाध्यक्ष सुकमान तामाङले यस प्रकरणमा उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गरेका थिए ।

***प्रहरीमाथि हातपात***

जिल्ला अदालत परिसरमै वडा नं. ६ का वडाध्यक्ष नवलकिशोर कलवारले प्रहरीमाथि हातपात गरेको आरोपमा नियन्त्रणमा परेका थिए । निर्वाचित जनप्रतिनिधिबाटै यस्तो अभद्र व्यवहार भएपछि पर्सागढी फेरि नकारात्मक चर्चामा आएको थियो ।
यी सबै घटनाले पर्सागढी नगरपालिकालाई जनताले "काण्डै-काण्डैको नगरपालिका" भनेर व्यंग्य गर्न थालेका छन् । विद्यालयदेखि नियुक्ति प्रक्रिया, प्रहरीमाथिको हातपात, हाकिमसँगको झगडा र अब घुस अडियोसम्म–निरन्तर विवादका कारण जनतामा गहिरो असन्तोष पैदा भएको छ । नगर प्रमुखदेखि सम्बन्धित निकायले पटक-पटक "कारबाही गर्छौं" भन्दै प्रतिवद्धता जनाए पनि अघिल्ला काण्डहरू आजसम्म धूलामै हराएका छन् । तर यसपटक अडियोजस्तो प्रत्यक्ष प्रमाण सार्वजनिक भइसकेपछि जनताले दोषीमाथि तत्काल कारबाही गर्न दबाब दिइरहेका छन् ।

**जनहितमा जारी सन्देश**

**घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**आदर्श कोतवाल गाउँपालिका परिवार**
**मधेश प्रदेश, बारा**

# जेनजी आन्दोलनमा मारिएकी सोशीलाको परिवारलाई सखुवाप्रसौनी गाँउपालिकाले १ लाख रूपैयाँ दिने

***वीरगन्ज, ०७ असोज***

पर्साको सखुवा प्रसौनी गाँउपालिकाले जेनजी आन्दोलनका क्रममा आगजनीमा परी मृत्यु भएकी महिलाको परिवारलाई १ लाख रुपैयाँ दिने घोषणा गरेको छ । जेनजी आन्दोलनका क्रममा गत भदौं २४ गते नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुंगटाको वीरगन्जस्थित घरमा गरिएको आगजनीमा जलेर गम्भीर घाइते भएकी सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ सखुइ जमुनिया गाँउकी ४५ वर्षीया सोशीलादेवी हजाराको उपचारका क्रममा सोमबार मृत्यु भएको थियो ।




सखुवा प्रर्सानी गाँउपालिकाका अध्यक्ष जसवन्त यादवले मृतक महिला हजराको परिवारलाई गाँउपालिकाले १ लाख रुर्पयाँ दिने निर्णय भएको जानकारी दिए। दुखद घडीमा मृतकका परिवारलाई सहयोग गर्न गाँउपालिकाले १ लाख रुपैयाँ दिने निर्णय गरिएको भन्दै उनले भने,हामी उनको परिवारको साथमा छौं। हजराको परिवार र बालबच्चाका पालनपोषणमा पनि चाहिने सहयोग गर्न सदैव तत्पर रहने छौं । अध्यक्ष यादवका अनुसार, मृतक सोशिलाको चार छोरी र एक छोरा छन् ।जसमध्ये दुई जना छोरीको विवाह भइसकेको छ ।उनका पति लालबाबु हजरा भने वैदेशिक रोजगारीबाट केही दिन अगाडि मात्रै घर फर्किएका थिए।
जेनजी आन्दोलनका क्रममा गत भदौं २४ गते नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुंगटाको वीरगन्ज महानगरपालिका वडा नम्बर १३ मा रहेको घरमा अराजक समुहले गरेको आगजनीमा जलेर हजरासंगै त्यसघरमा रहेका भारत बिहार राज्यको सुगौलीका १८वर्षीय विनय यादवपनि गम्भीर घाइते भएका थिए । रुंगटाको घरमा घरेलु कामदारका रुपमा कार्यरत हजाराको काठमाडौंको कीर्तिपुर बर्न अस्पतालमा उपचारका क्रममा सोमबार बिहान १०: २२ बजे उनको मृत्यु भएको हो । रुंगटाको घरमा गरिएको आगजनीबाट हजरासंगै जलेर गम्भीर घाइते भएका भारतीय युवक यादव भने हाल कीर्तिपुर बर्न अस्पतालमै उपचाररत छन्। शरिरको ९० प्रतिशत भाग जलेर घाइते भएका उनको भने अहलि स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले बताए ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा